# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
### विराटनगर, नेपाल

☎ : ५३२०२२,५३४८००(Ext. 112)
फ्याक्स : ९७७–२१–५२८४९१
पो.ब.नं. : १४२
इमेल : puoemgt@wlink.com.np


मिति : २०७५।०२।०२

श्री क्याम्पस प्रमुखज्यू,

MCA/ME Earthquake/ M. Sc. in Urban Design & Conservation / M. Sc. in Engineering Management/ M. Sc. in Information System Engineering, /M.Sc. in Nutrition & Dietetics /M. Sc. Dairy, Meat Technology/ M.Sc. in Agri-Business Management/PGDCA अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाउने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत २०७५ सालमा सञ्चालन गरिने MCA/ME Earthquake/ M. Sc. in Urban Design & Conservation /M. Sc. in Engineering Management/M. Sc. in Information System Engineering, /M.Sc. in Nutrition & Dietetics /M. Sc. Dairy, Meat Technology/ M.Sc. in Agri-Business Management प्रथम र तेश्रो तथा PGDCA प्रथम सेमेष्टर **नियमित तथा आशिंक** परीक्षाका लागि त्यस क्याम्पस/कलेजमा सम्बन्धित शैक्षिक कार्यक्रमको सम्बन्धित सेमेष्टरमा नियमित रूपमा अध्ययन गरी आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरू लाई मिति २०७५।०२।२३ गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०७५।०२।२५ गतेभित्र परीक्षा आवेदन फाराम, नियमानुसारको परीक्षा शुल्क र **सम्बन्धन शुल्क** वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 0706010310803** मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । सो मितिसम्म फाराम भर्न छुट भएका विद्यार्थीहरुका लागि रू. ५००।- विलम्ब शूल्क लिई २०७५।०२।३० गते सम्म फाराम भराई २०७५।०२।३१ गते सम्म तथा रू. १००० बिलम्ब शूल्क लिई परीक्षा शुरु हुनु भन्दा **पन्ध्र** दिन अगाडी सम्म नियमानुसारको शूल्क साथ परीक्षा आवेदन फाराम पठाउन सकिनेछ । **परीक्षा फाराम साथ विश्वविद्यालयलाई नियमानुसार बुझाउनु पर्ने सम्बन्धन शूल्क प्राप्त नभएमा र उक्त मितिभन्दा पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

परीक्षा आवेदन फाराम पठाउदा प्रत्येक सेमेष्टरका फारमलाई भर्ना समुह अनुसार अंग्रेजी वर्णानुक्रम **(Assending Order)** मिलाई वेग्ला वेग्लै फायलमा फाइलिङ्ग गरी परीक्षार्थी तथा शूल्कको विवरण समेत प्रत्येक फायलमा राखी पठाउनु पर्ने छ । यस प्रकार फाइलिङ्ग नगरी सोझै खाममा राखी पठाइएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।

| क्र. सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (नियमित) | रू. १६००।- प्रति विद्यार्थी |
| २. | परीक्षा शुल्क (आंशिक) | १ विषय रू. ६००।- प्रति विद्यार्थी<br>२ विषय रू. ११००।- प्रति विद्यार्थी<br>२ भन्दा बढी विषय रू. १६००।- प्रति विद्यार्थी |
| ३. | सम्बन्धन शूल्क (नियमित) | ME Earthquake/ M.Sc. in UDC, ME. in EM/ M. Sc. in ISE, - ११०००।-प्रति विद्यार्थी<br>MCA/PGDCA - ८०००।- प्रति विद्यार्थी<br>M.Sc. in Nutrition & Dietetics - ११०००।-प्रति विद्यार्थी<br>M. Sc. Dairy, Meat Technology - १००००।-प्रति विद्यार्थी<br>M.Sc. in Agri-Business Management - ११०००।-प्रति विद्यार्थी |

सह–परीक्षा नियन्त्रक

**नोट :** काठमाण्डौ उपत्यका भित्रका सम्पूर्ण क्याम्पस/कलेजहरूले पू.वि. काठमाण्डौ सम्पर्क कार्यालय सिनामगंलमा र अन्य क्याम्पस/कलेजहरूले परीक्षा व्यवस्थापन कार्यलय विराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनी माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्विकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।